# शंखरापुर नगर कार्यपालिकाको १०० औं (मिति २०८२/०१/३०) बैठकका निर्णयहरु

| | |
|---|---|
| निर्णय नं १: | यस नगरपालिकाको मिति २०८१/१२/१४ गते बसेको कार्यपालिकाको ९९ औं बैठकका निर्णयहरु कार्यान्वयन सम्वन्धमा अनुसूची १ बमोजिम समीक्षा गरियो। |
| निर्णय नं २: | यस नगरपालिकाको अनुगमन तथा सहजिकरण समितिको अनुसूची २ बमोजिम आ. व. २०८१/८२ को चैत्र महिनाको प्रतिवेदन अनुसार प्राप्त सुझावहरुको कार्यान्वयन गर्ने र सिफारिस भएका योजनाहरुको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो । |
| निर्णय नं ३: | सङ्घीय मामिला मन्त्रालय तथा अन्य निकायहरुबाट भएका परिपत्रहरु जानकारी गराइयो। साथै यस नगरपालिकाबाट कार्यान्वयन गर्नुपर्ने भनिएको विषयहरु नियमानुसार कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |
| निर्णय नं ४: | यस नगरपालिकाको नगर शिक्षा समितिको मिति २०८२/०१/२२ गतेको सिफारिस बमोजिम नगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयमा अंग्रेजी, विज्ञान, गणित, सूचना प्रविधि जस्ता विषयहरुमा अस्थायी प्रकृतिका शिक्षकहरुको नियुक्ताका लागि तीन पटकसम्म विज्ञापन गर्दा पनि अध्यापन अनुमति प्राप्त उम्मेदवारहरुको पर्याप्त मात्रामा आवेदन नपरी प्रतिस्पर्धात्मक रुपमा शिक्षकहरुको छनौट हुन नसक्ने अवस्था भएमा शिक्षा, युवा तथा खेलकुद शाखाको अनुमतिमा विद्यालयले अध्यापन अनुमति पत्र नभएका आवेदकहरुबाट पनि आवेदन माग गरी छनौट परीक्षा सञ्चालन गर्न सकिने प्रावधानको व्यवस्था स्वीकृत गर्ने निर्णय गरियो। |
| निर्णय नं ५: | आ.व.२०८१/८२ को नेपाल सरकारको सशर्त अनुदान अन्तर्गत यस नगरपालिकाको वडा नं ७ शालिनदी कृयापुत्री भवन निर्माण कार्यको लागि वडा नं ७ मा उपयुक्त स्थान नभई निर्माण कार्य अगाडि बढ्न नसकेको हुँदा शंखरापुर नगरपालिकाको ५ नं वडा कार्यालयको च.नं. १८०८ मिति २०८२/०१/३० को पत्रानुसार उक्त भवन वडा नं ५ अन्तर्गत शालिनदि क्षेत्रमा निर्माण गर्ने र सो भवन निर्माण गर्न श्री माधवनारायण स्वास्थानी व्रत तथा शालिनदि सुधार समिति मार्फत निर्माण गर्न अनुमति दिने निर्णय गरियो। |
| निर्णय नं ६: | यस नगरपालिकाको २ नं वडा कार्यालयको च.नं. ११५७ मिति २०८२/०१/२५ गतेको पत्रानुसार तहाँका स्थानीय बासिन्दाहरु आकस्मिक विरामी, सुत्केरी तथा जटिल प्रकृतिका रोगको उपचारको लागि गाउँ देखि करिब २२ कि.मि. टाढाका अस्पतालहरुमा लैजान बाध्यकारी अवस्था रहेको भए पनि हालसम्म एम्बुलेन्स सेवा कहिंकतै तथा कुनै पनि निकायबाट उपलब्ध नभएको हुँदा कोहि कसैले पनि एम्बुलेन्स नभएकै कारण अकालमा ज्यान गुमाउनु नपरोस् र कुनै पनि किसिमको विरामीहरुको छिटो छरितो उपचारको लागि सोको अति आवश्यक भएकोले काठमाडौं जिल्ला स्थित गोकर्णेश्वर नगरपालिकालाई एक थान एम्बुलेन्स उपलब्ध गराइदिन हुन अनुरोध गर्ने निर्णय गरियो। |
| निर्णय नं ७: | यस नगरपालिकाको वडा नं २ पटाप क्षेत्र भौगिलिक रुपमा विकट र टाढा रहेको हुँदा उक्त वडाको बासिन्दाको शान्ति सुरक्षा तथा त्यस क्षेत्रमा हुने आपराधिक गतिविधिहरु |

| | |
|---|---|
| निर्णय नं ७: | यस नगरपालिकाको वडा नं २ पटाप क्षेत्र भौगिलिक रुपमा विकट र टाढा रहेको हुँदा उक्त वडाको बासिन्दाको शान्ति सुरक्षा तथा त्यस क्षेत्रमा हुने आपराधिक गतिविधिहरु नियन्त्रण गर्न हाल भईरहेको प्रहरी चौकी टाढा रहेको हुँदा उक्त क्षेत्रमा एउटा प्रहरी बिट स्थापना गर्न अत्यावश्यक रहेको हुँदा सो क्षेत्रमा प्रहरी बिट स्थापनाको लागि सम्बन्धित निकाय समक्ष अनुरोध गर्ने तथा उक्त क्षेत्रमा प्रहरी बिट स्थापनाको लागि २ नं वडा कार्यालयको समन्वयमा पन्चकन्या सँस्कृति भवन वा बाघखोर कृषि भवन मध्ये उपयुक्तताको आधारमा उपलब्ध गराउने निर्णय गरियो। |
| निर्णय नं ८: | यस नगरपालिका र आरोग्य-सुवेदी जे.भी कम्पनी बिच सम्पन्न संझौता ठेक्का नं SMO/77/78/07 Construction of Municipal Building of Shankharapur Municipality को निर्माण कार्यको म्याद २०८१ चैत्र सम्म रहेकोमा मिति २०८१/१२/१४ गतेको कार्यपालिकाको बैठकको निर्णयानुसार उक्त जेभी कम्पनीलाई योजना सम्पन्न हुन नसक्नुका कारण, त्यसको पुष्टि हुने प्रमाण सहितको आधार र कारण र उक्त ठेक्काको कार्य सम्पन्न गर्नको लागि आवश्यक पर्ने समय, उक्त समयमा निर्माण कार्य सम्पन्न हुने आधार, सो अवधिमा निर्माण सम्पन्न हुने गरी तयार गरिएको कम्तीमा २ वटा माइलस्टोन सहितको Revised Work Schudule , अग्रिम बैङ्क जमानत, कार्यसम्पादन अग्रिम बैङ्क जमानत र बिमाको अवधि थप गरिएका कागजातहरु माग गर्ने निर्णय भएकोमा मिति २०८२/०१/१९ मा प्राप्त निवेदन अनुसार Revised Work Schudule र २ वटा Milestone सहित मिति २०८२/१२/३० भित्रमा काम सम्पन्न गर्ने प्रतिबद्धता सहित अग्रिम बैङ्क जमानत, कार्यसम्पादन अग्रिम बैङ्क जमानत र बिमाको अवधि थप गरिएका कागजातहरु सहित पेश गरेको हुँदा सार्वजनिक खरिद(चौधौं संशोधन) नियमावली,२०८१ को नियम ११९ उपनियम (१) बमोजिम उक्त आयोजनाको म्याद मिति २०८३ वैशाख मसान्त सम्म थप गर्ने निर्णय गरियो। |
| निर्णय नं ९: | बागमती प्रदेश सरकारको सशर्त कार्यक्रम अन्तर्गत नमुना समाजवादी कार्यक्रममा विनियोजित बजेटबाट शंखरापुर नगरपालिकाको वडा नं २ मा स्थायी बसोबास गर्ने बासिन्दाहरुको स्वास्थ्य बीमाको प्रिमियमको ५० प्रतिशत बेहोर्ने र नगरपालिकाको आन्तरिक स्रोतबाट ५० प्रतिशत बेहोर्ने गरी नागरिक स्वास्थ्य बीमा कार्यक्रम अगाडि बढाउने निर्णय गरियो। |
| निर्णय नं १०: | यस नगरपालिकाको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक योजना अन्तर्गतको उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने योजनाहरुको सम्पन्न गर्ने मिति २०८२ बैशाख मसान्तसम्म तोकिएकोमा विभिन्न वडाहरुका योजनाहरु कार्यान्वयनको चरणमा रहेकोले सम्पन्न गर्ने मिति २०८२ असार २० गतेसम्म कायम गर्ने निर्णय गरियो। |
| निर्णय नं ११: | नेपाल सरकार भूमि समस्या समाधान आयोग जिल्ला समिति काठमाडौंको प.सं. २०८१/०८२ च.नं. ६९ मिति २०८२/०१/११ को पत्रानुसार नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको भुमि सम्बन्धी (बिसौं संसोधन) नियमहरु,२०८१ को मुल नियम ४१ छ १ मा भुमिहिन दलित, भुमिहिन, सुकुम्वासी र अव्यववस्थित बसोबासको निवेदन |

| | |
|---|---|
| | संकलनको लागि यस अघि दुई पटक सूचना प्रकाशित भएको भए तापनि उक्त अवधि भित्र पर्याप्त निवेदन सङ्कलन हुन नसकेको भनी लिखित तथा मौखिक निवेदन प्राप्त भएको हुँदा एक पटकको लागि पुनःसूचना प्रकाशन गर्नको लागि आयोग समक्ष अनुरोध गर्ने निर्णय गरियो। |
| <u>निर्णय नं १२:</u> | यस नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को स्वीकृत योजना मध्ये तपसिल बमोजिमका ठेक्काको देहायको मितिमा म्याद समाप्त हुने हुँदा उल्लेखित निर्माण व्यवसायीहरुबाट उक्त कार्यको लागि पर्याप्त समय अभावको कारण केही कार्य बाँकी रहेको भनी म्याद थपको लागि निवेदन प्राप्त भएको हुँदा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम आवश्यक प्रक्रिया पूरा गराई देहाय बमोजिमका योजनाहरुको देहाय बमोजिम म्याद थप गर्ने निर्णय अनुमोदन गरियो। |

| ठेक्का नं | ठेक्काको विवरण | निर्माण कम्पनीको विवरण | म्याद समाप्त हुने मिति | म्याद थप गर्ने पर्ने मिति |
|---|---|---|---|---|
| ०१ | साँखु भुल्बु मोक्तानटोल मणिचु सडक | Diamond Sindho-PS JV | २०८२/०१/३१ | २०८२/०२/१५ |
| ०३ | खुलालटार सानागाउँ उखुटार सडक | Chaulagain/Chandrayan JV | २०८२/०२/३० | २०८२/०३/१५ |
| ३७ | शंखरापुर वडा १ भित्रका विविध सडक | B to Construction Pvt Ltd | २०८२/०१/२० | २०८२/०२/१५ |
| ३८ | लाकिला भुमेथली सक | B to Construction Pvt Ltd | २०८२/०१/२० | २०८२/०२/१५ |
| ४७ | Fedi Transmitter सडक | B to Construction Pvt Ltd | २०८२/०१/२० | २०८२/०२/१५ |
| ४५ | Ganpati Batika Kuldeuta Majgaon Paropakar Sadak | New Shankharapur Nirman & Suppliers Pvt Ltd | २०८२/०१/३१ | २०८२/०२/३१ |